# तुम्बेवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवा, पाँचथर

प.स. ०८२/०८३ कोशी प्रदेश, नेपाल

**प्राङ्गारिक/जैविक/जीवाणु मल उत्पादकहरुले सुचिकृत हुन निवेदन पेश गर्ने सम्बन्धि सूचना ।**
**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०८**

आ.व. २०८२/०८३ मा यस तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कृषि विकास शाखामा प्रदेश सरकारवाट हस्तान्तरित शसर्त अनुदान तर्फको प्राङ्गारिक खेति प्रवर्द्धनका लागि प्राङ्गारिक/जैविक/जीवाणु मल प्रयोगमा प्रोत्साहन कार्यक्रम संचालनार्थ प्राङ्गारिक/जैविक/जीवाणु मल उत्पादकले सुचिकृत हुन तपशिल बमिजिमको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/१२/२२) भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिन्छ । साथै रित नपुगी वा म्याद नाघी प्रास हुन आएका निवेदनहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।
थप जानकारीका लागि सम्पर्क नं. ९८६३४६२६०७, ९८१७९०१३४६

कार्यक्रम विवरण

| क्र.स. | कार्यक्रमको नाम | संचालित गर्ने प्रमुख क्रियाकलाप | कैफीयत |
|---|---|---|---|
| १. | प्राङ्गारिक खेति प्रवर्द्धनका लागि प्राङ्गारिक/जैविक/जीवाणु मल प्रयोगमा प्रोत्साहन कार्यक्रम | कृषकहरुले कृषि विकास शाखाको सिफारिस अनुसार सुचिकृत मल उत्पादकहरुबाट मल खरिद गरे वापत प्रति केजी/प्रति लिटर रु १० का दरले नगद अनुदान उपलब्ध गराईनेछ । | मलको गुणस्तर नेपाल सरकारले तोकेको मलको मापदण्ड अनुसार हुनुपर्ने छ । |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :-

१. संस्था दर्ता प्रमाणपत्रको छायाप्रती, समूह/समितिको हकमा निर्णयको प्रमाणित छायाप्रति
२. कर चुक्ता प्रमाणपत्रको छायाप्रति
३. संस्थाको PAN/VAT प्रमाणपत्रको छायाप्रति
४. प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका,२०७८ को अनुसूची १,२ र ३ मा रहेको मलको मापदण्ड तथा गुणस्तर अनुसार मल परिक्षणको प्रतिवेदन ।

केशव कुमार थापा
प्रमुख प्रशासकीय अधिकृत

जय तुम्बेवा